# प्रतिनिधि

( साहित्यिक )

वर्ष - १ अङ्क - २




**सरिता**
निर्मोही व्यास

**प्रियतम**
ऋषिराम न्यौपाने

## प्रकाशक

साहित्य सम्मिलि द्वारा
कलैया

मूल्य रु. २।५०

# प्रतिनिधि

(साहित्यिक संगालो)

वर्ष १ २०३६ पौष अङ्क २

सम्पादक

मुकुन्द राज आचार्य
श्रीधर राज आचार्य

अतिथि सम्पादक

श्री विजय सागर

प्रकाशक

साहित्य समिति धारा, कलैया

आवरण

श्री उमा, कलैया

विषय सूचि

**सरिता** (खण्डकाव्य)
निर्मोही व्यास ५

**प्रियतम** (खण्डकाव्य)
ऋषिराम न्यौपाने ३५

पाठक प्रतिक्रिया ५४

पत्रिका परिचय ५५

## हार्दिक बधाइ

त्रिभुवन प्रज्ञा पुरस्कार प्राप्त गर्ने कथाकार श्री भवानी 'भिक्षु' महेन्द्र प्रज्ञा पुरस्कार प्राप्त गर्ने कवि श्री माधव प्रसाद देवकोटा तथा इन्द्र राज्य लक्ष्मी प्रज्ञा पुरस्कार प्राप्त गर्ने गायक एवं संगीतकार श्री नातीकाजीमा हाम्रो हार्दिक बधाइ ।

साहित्य समिति धारा

मुद्रक :- ज्योति प्रेस, अस्पताल रोड कलैया

## हाम्रो भनाइ

नेपाली साहित्यको काव्यपक्षको प्रस्फुटनकाल करीव २ शय वर्ष अघि मान्न सक्छौं । हुन त नेपाली साहित्यको कुनै पनि अङ्गले उचित स्थान पाउन थालेको पनि करीव त्यति नै वर्ष भयो । टुक्रै टुक्रामा विभाजित रहेको हाम्रो देश नेपाल सदा युद्ध र मारकाटमा अल्झिरहन्थ्यो तर एकीकरणपछि विशाल भूभाग र स्थिरता भएको कारणले नेपाली साहित्य तरुमा मुनाहरु पलाउन थाले ।

विद्यारण्य केशरीदेखि शुरु भएको हाम्रो काव्यधारा अनेकौं कविहरु हुँदै भानुभक्त, मोतीराम, लेखनाथ र देवकोटा भएर गोपाल प्रसाद रिमाल, विजय मल्ल भूपी तथा मोहन कोइरालासम्म गजबले सलल बग्दै आयो, बग्दैछ र बग्दै रहने छ पनि ।

तर दुई शताब्दीको लामो अन्तराल पार गरिसक्दा पनि विश्व साहित्यका सामु छाति फुकाएर राख्न सकिने हाम्रा कति काव्य तयार भए त ? सामाजिक उत्पीडन, प्रशासनिक अत्याचार तथा दलित दाजु भाइहरुको कथा लिएर कति काव्य देखा परे ? जबाफ नास्ति । यस्ता काव्य तयार नहुनु र देखा नपर्नुमा को जिम्मेवार ? साहित्यकार ? आलोचक ? समय ? परिस्थिति ? समाज वा सरकार ? हिजो अस्तिको कुरा छाडौं, आजको चरम साहित्यिक युगमा पनि दुई खरो शब्द प्रयोग गर्न नसक्ने सम्पादक ? वा लाजै नमानी वैभवशाली महल ठड्याएर उभिएको राजकीय प्रज्ञा प्रतिष्ठान ? असत्य बोल्नु हुँदैन यस सन्दर्भमा देवकोटालाई बिर्सन सक्दैनौं । उनी मानव मात्रका कवि थिए त्यसैले सामाजिक उत्पीडनप्रति विद्रोह जनाउँदै दीन हीनका कथा उतारे, र देवकोटा मात्रै यस्ता नेपाली कवि हुन् जसलाई हामी विश्वकविहरुका पङ्क्तिमा लाजै नमानी उभ्याउन सक्छौं ।

समय र परिस्थितिले कोल्टे फेरेझैं नेपाली साहित्यका प्रत्येक विधाले पनि कोल्टे फेरे । पद्य विधामा शास्त्रीय दृष्टिकोणको अन्त हुँदै आयो । यस सन्दर्भमा अनेकौं काव्यहरू निस्के, तर देखेर भोगेर पनि शाश्वत कुरा ओकल्न नसकनेहरू यता उताका लटर पटर काव्य लेख्नेहरू नै कवि बने ।

ए ! रातोलाई सेतो भनी लेखिएको काव्य पनि कहीं साहित्यिक काव्य हुन्छ ? हुँदैन, सबैलाई थाहा छ तर नेपालमा त्यस्तै काव्यकारहरू जनमान्य कवि बन्नपुग्छन् । यस्तै भएर नै नेपाली साहित्यका भानुभक्त, मोतीराम, लेखनाथ र देवकोटाको नामसम्म पनि नजानेका नेपाली ठिटाहरु भारत वा हलिउडका चलचित्रका नायक नायिकाहरुको वंशावली मुखाग्र

गर्न सफल छन् । यो किन ? कसरी भयो ? नेपाली पत्रिका २ प्रति पनि बिक्दैन तर भारतीय अश्लील र सिने पत्रिकाहरू हातहातै हजारौं प्रति बिक्री हुन्छन् यो किन ? यसको विकल्पमा हाम्रो के सोचाइ छ ? भाषा र साहित्यको पतन गराए पछि नैतिकता पतन गराउनमा कत्ति बेर लाग्दैन । देखेको कुरा भन्नु प्रत्येकको कर्त्तव्य हो । हामी देखेको शाश्वत कुरा बोल्दैछौं । समयमा सजग नहुने हो भने भविष्यमा हामी कुन खाल्डोमा पुग्नेछौं यो कल्पनाभन्दा बाहिरको कुरा हो ।

तीतो कुरा लेखेर हामीले नेपाली कविहरूले यथार्थ कुरा लेखेकै छैनन् भन्न खोजेका होइनौं । कविहरूबाट विद्रोहको शङ्खनाद नभएको होइन रूढिलाई लात नमारिएको होइन तर जति हुनुपर्ने थियो त्यति भएन भन्ने गुनासो मात्रै हो, अनि भूपी र मोहन कोइराला पछिका पारिजात, वैरागी काइँला, वानीरा गिरिहरू कम बेजोडका काव्यकार होइनन् र यिनीहरू पछि देखा परेका कतिपय काव्यकारहरू पनि कम जम जमाउँदा छैनन् । विश्वास छ समय र परिस्थितिको चपेटाले मुटु रन्किसकेका हाम्रा आधुनिक काव्यकारहरू निश्चय पनि आफूलाई समयको माग अनुरूपको परिवेशमा ढाल्न सफल हुनेछन् ।

यस अङ्कलाई काव्याङ्क गरी हामीले नेपाली साहित्याकाशमा दुई नौला बन्धुहरूलाई अगाडिसारेका छौं । दुबैले नारी पात्रलाई प्राथमिकता दिएर काव्यधारा बगाएकाछन् । दुबै नारीमा स्वदेश र संस्कृतिप्रति असीम श्रद्धा र माया छ । तर दुबैका कथावस्तुमा भिन्नता छ ।

'निर्मोही' व्यासको अनुष्टुप छन्दमा लेखिएको "सरिता" खण्डकाव्यकी नायिका "सरिता" सरिता नै भएर बगेकीछे । ऊ चाहेर पनि नेपालको एउटा सानो खाल्टोमा पनि जम्न आफूलाई असमर्थ पाइरहेकीछे । 'सरिता' पढेर एकपल्ट हाम्रो सामाजिक कानून र धर्मविधानतर्फ चियाउन न बिर्सनु होला ।

यस्तै ऋषिराम न्यौपानेको "प्रियतम" खण्डकाव्य ( जुन शार्दूलविक्रीडित छन्दमा लेखिएको छ ) की नायिका छाया प्रत्येक दीन दुःखीहरूको मुटुको छाया भै देशका अन्तर कुन्तरमा गै सामाजिक स्वतन्त्रताको ज्वाला खोज्छे । अन्ततः उसले अभीष्ट प्राप्त गर्छे । यो काव्य पढेपछि परापूर्वकाल–देखि निमुखा कहलाइएकी नारीको उपयुक्त समयमा निस्कने अदम्य साहस–प्रति जिब्रो टोक्नै पर्छ ।

यद्यपि छन्दमा लेखिएका कुनै पनि काव्यप्रति अचेल नाक चेप्याउने प्रवृत्ति नभएको होइन, तर यो प्रवृत्ति के उचित हो त ? कवि माधव घिमिरेको 'गौरी' ( शोककाव्य ) कति हृदयविदारक छ ! के छन्दमा छ भन्दैमा साहित्यमा अलिकति पनि रुचि भएका व्यक्तिहरूले भेटिएका खण्डमा 'गौरी' नपढ्लान् त ? हामीलाई पत्यार लाग्दैन। हेरौं दुई नौला छन्दोवादी काव्यकारहरू तपाईंहरूलाई कस्ता लाग्छन् ! मन परे पनि नपरे पनि प्रतिक्रिया पठाउनु भै हामीलाई अनुगृहीत पार्नु हुनेछ।

अन्तमा,

श्री ५ महाराजाधिराज सरकारको ३५ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा मौसूफ सरकारको सुस्वास्थ्य एवं दीर्घायुको कामनासाथ प्रकाशित गरिएको यो अङ्क तमाम नेपालीका साझा राजामा समर्पित छ।

## जीवन्तु शरदां शतम्

नेपाली साहित्यका विशिष्ट समालोचक

### प्रा० श्री केशव प्रसाद उपाध्यायज्यू

यही २०३६ पौष १८ गते ( स्वस्थानी पूर्णिमाका दिन ) ४७ औं वर्षमा प्रवेश गर्दै हुनुहुन्छ। हालसम्म उहाँका छ वटा समालोचनात्मक ग्रन्थहरु प्रकाशित भैसकेका छन्। उहाँको विशिष्ट तथा अतुलनीय समालोचनात्मक देनबाट नेपाली साहित्यका विज्ञ पाठक अनभिज्ञ छैनन्।

नेपाली साहित्यका हामी तमाम पाठकलाई

प्रा० श्री उपाध्यायज्यूको

अविरलरूपमा प्रवाहित लेखनीको रसास्वादन निरन्तर प्राप्त भैरहोस्, यो शुभाकांक्षासाथ उहाँको सुस्वास्थ्य एवं दीर्घायुको हार्दिक कामना गर्दछौं।

सा० स० बारा

### सा० सं० बाराका एक मात्र संरक्षक साहित्यानुरागी श्री श्याम सुन्दर ठाकुरज्यूको संक्षिप्त परिचय।

पिताको नाम — प्रह्लाद, जन्म – १ जनवरी १९४३ ई०

पिताको नाम — श्री रामचरित्र ठाकुर

माताको नाम — स्व० श्रीमती रमा देवी

शिक्षा — बी. एस्सी, बी० एड्, व्यवसाय — अध्यापन,

ठगाना — ढराना पिप्रा, खपतंत्ता बारा

#नारीकविता

ऋषिराम न्यौपाने

# प्रियतम

## ( खण्डकाव्य )

१

आमा –

छायालाइ भुलेर जान नहुने छोडेर छोरा पर,
आमाको मन रुन्छ आज दुःखले देखेर थोत्रो घर
तिम्रा सन्तति सन्त छन् चहकिला श्रीशैलका उज्वल
माया बग्दछ दुःखको नजरमा मोती बनी निर्मल।

छाया बर्बर आँसु लौ नजरमा रुन्छे र गन्छे दिन,
'ज्वाला छैन' भनी जहान घरका खेप्छन् यहाँ दुर्दिन,
मेरो आँसु पुछिन्न के ? अधरमा मुस्कान आउन्न कि ?
मीठो चुम्बन सुखको अब दिने सन्तान पाउन्न कि ?

हेर्छन् मार्ग निदाउरा शिशुहरु, आऊ तिमी स्नेह द्यौ,
"भाग्यो त्यो भगले" यहाँ सुनिइने हल्ला सबै मेटिद्यौ,
आऊ भै परिपूर्ण पूर्ण दिलका, लाग्यौ कहाँ के लिन ?
मेरा वीर सपूत, फूल मनका, लौ हुन्न है बैलिन।

फुल्छन् फूल नयाँ यहाँ जल तथा माया मिले निर्मल,
साथी छन् दिलदार स्वस्थ बलिया, आऊ तिमी केवल
तिम्रो आश र सासमा गगनका नक्षत्र छन् कञ्चन,
छाया सुन्दर बिम्बको छवि छटा खोज्छे सदा चुम्बन।

छाया – ( पतिलाई सम्झेर मनमनै )

के सम्झेर गरौं सिँगार अहिले ? छैनौ यहाँ भास्कर !
के खवाएर बुझाउँ चित्त घरका सन्तानको सुन्दर ?
के मेरा अनि यी अबोध शिशुका आह्वान नै बिर्सियौ ?
आमाकै पनि के विचार, ममता, माया सबै बिर्सियौ ?

बिर्सन्नौ कहिल्यै तथापि अहिले यो तुच्छ शङ्का गरें
देखी बादल व्योममाथि भ्रममा बेकार आफैं परें,
नारीको पहिलो प्रयास घरको निर्माणमा हुन्छ है,
आभा बादलले कदापि रविको छेकेर छेकिन्न है !

फर्कनौ किन देव ! हाय ! बिचरी रोईरहेकी छु म,
आऊ प्राण ! वियोगको अनलमा तड्पीरहेकी छु म
पारौंला घरबार फेरि चकिलो उद्यान यो आँगन,
हाँस्लान् फूल सरी मुना हृदयका, तारा बनी लाखन,

( प्रकाशमा ...... ... )

आमाका गहका हटाउँछु सबै यी वेदनाका जल
मेरो साहस भन्छ–आउँछ छिटै हाम्रो सुनौलो पल
खोजी गर्न म जान्छु है अब दिनोस् आमा बरू सम्मति
आशङ्का न लिनोस् हुँदैन पथमा मेरो कुनै दुर्गति ।

आऊन् आपत बार बार खपुँला, जोगाउँला यो तन,
सीताले पनि राम - नाम मनमा राखेर, थामिन् मन
रोएरै घरमा बसी हृदयको पाइन्न प्यारो धन,
छोई उच्च विचारबाट शशिको पाइन्छ रश्मी लिन ।

आमा —

जाऊ लौ दुलही पवित्र दिलकी ! राखी तिमी साहस,
स्वामीलाइ फिराइ ल्याउन सके, मेरो छ यो आशिष,
हेरौंला म कुरेर मार्ग घर यो रोएर काटी दिन,
ज्वाला साथ यहाँ फिरेपछि तिमी फर्कन्छ हाम्रो दिन,

छाया:— ( बाटोमा, मनमनै )

फर्काएर म ल्याउँला गति नयाँ पाइन्छ राम्रो फल,
बाढी आउँछ प्रेमको हृदयमा मच्चिन्छ कोलाहल,
प्रेमी भावुक बन्दछन् जगतमा उर्लिन्छ माया अरु,
खाल्डोमा पुरिइन्छ भाव धमिलो हट्छन् बिलौनाहरु ।

छाया यो पछि लाग्दछे विरहमा प्यारो सदा धामिको,
माया यो पछि लाग्दछे भुवनमा निर्धक्क झैं प्राणको,
खोजौंला वन, टाकुरा र झुपडी, गल्ली सबै गाउँमा,
मेटौंला मनको विषाद गहिरो, भेटी कुनै ठाउँमा ।

२

(चौतारीमा बसेका दर्शकहरु आगन्तुक भरियासित ' छायालाई देखेर)

धर्ती यो धमिलो बन्यो पथ सफा काला घनेरा भए,
भाग्यो नैतिकता कतातिर गई, ज्वाला हराए, गए,
धेरै बेर बसेरर मौन कसरी फाट्ला अँध्यारो, भनी
आइन् क्यार उनै यहाँ गगनकी छाया सुधामालिनी ।

केही बेर लिइन् विराम र तिनी लागिन् उकालोतिर ।
पानी मात्र पिइन् र पुष्प दिलको बास्ना छरिन् सुन्दर,
मैले सोधिन पीरका, विरहका वेथा भने के थिए,
हावाकै गतिमा गइन् अघि बढी हेरीरहेको थिएँ ।

भरिया :— (दर्शकसित)

झर्छन् उन्नत शैलबाट वनमा झर्ना सदा निर्मल
हट्छन् बादल व्योमका, उदयमा आदित्यको झल्मल
हामी अन्ध सरी भए पनि यहाँ तारा सधैँ आउँछन्
धर्तीका नव कोपिलासँग नयाँ नाता सधैं लाउँछन् ।

चिन्दैनौं, तर मौनतासँगसँगै छर्छन् मिठा भावना,
जान्दैनौं, तर पूर्णतासँगसँगै फक्रन्छ सद्भावना,
हेऱ्यौ भाग्य थियो, म ता तर गएँ बिर्सेर बाटो पर,
होला भेट कि मार्गमा बरु गए चाँडै उकालोतिर,

यात्री :— ( दर्शकसित )

टल्कन्थ्यो मुख चन्द्र झैं सिँदुरको टीका पसीनासँग ?
झल्कन्थ्यो उनको चिटिक्क तनमा सारी पछ्यौरीसँग ?
आफै नै अनजान झैं बनिदिएँ फर्की त्यता हेरिन,
सङ्कोचीपनले उनीसित कुरा मैले कुनै सोधिन ।

(हुलिया पाएपछि)

पानी खान भनी गएँ अघि उता बाटो बिराईकन
ती लागिन् जब मार्गमा छक परें छाया थिइन् जानिन
ऐले पोल्दछ भत्भती हृदयमा मौका गुमाए पछि ।
लम्केमा फल भेटिइन्छ, मनको आँखा खुलाए पछि ।

भोली भेट भए अवश्य हुँलिदी को हुन् तिनी सोधुँला
अर्को छैन उपाय मार्ग वनमा थौटै लिई भेटुँला
देखिन्छन् जब चम्किला नयनमा आदर्श रेखाहरु
मेटिन्छन् अनि वेदना सकलका शङ्का र टण्टाहरु

दोश्रो भरिया :— ( भारी बिसाएर )

ए भाई ! वनमा वही पवन झैं आइन् कुनै सुन्दरी ?
देखेनौ, ठगियौ कि, वा भन भयौ लाटा चखेवा सरी ?
थाकेको म थिएँ तथापि उनको देखेर राम्रो मुख
मेरा चूर्ण भए थकावट सबै आनन्द लाग्यो खुप ।

बोकेर पनि भार यो अब हिंडौं, भेट्छौं कि सन्ध्यापख,
पोखौंला सब वेदना बरु बसी चाँडै पुगी सम्मुख,

के के छन् उनका विचार बुझुंला संसारमा बाँडुला,
कोटीपुष्प पराग वाहक भई हामी सबै नाचुंला ।
( हिँड्छन् )

तेश्रो भरिया :– ( बास बस्ने ठाउँमा भेटिएका यात्री र भरियाहरुले छायाका सम्बन्धमा सोधे पछि )

धर्तीकी प्रतिमा थिइन् कि त तिनी तारा थिइन् व्योमकी,
आमा नै कि थिइन् गरीबहरुकी, छाया थिइन् घामकी,
हेर्दैथ्यौं मुखमा प्रसन्न मनले, बोली थियो निर्मल,
ती भन्थिन् निशिमा बसौं सब सँगै आफन्त भै निश्चय ।

हामी ती न बुझ्ने कुरा मनमनै सोचीरहेका थियौं,
बिस्तारैसित दाउरा टिपि टिपी भाँचीरहेका थियौं,
देखाएर भन्यौं नजीक छ त्यहाँ जाऊ तिमी देवल,
हामी ता भरिया त्यसै पनि दुखी छौं भोकले व्याकुल ।

धन्दा कयै नलिएर स्वच्छ मनले हामी बसौं साथमा,
मेरो चित्त प्रसन्न हुन्छ अति नै पाटा र मैदानमा,
थोत्रो देवलमा छिटा छ बलिको दुर्गन्ध झन् आउँछ,
दोषी देवलमा गए चहकिलो चैतन्य सेलाउँछ ।

व्यर्थैमा किन जाउँला, सब, तिमी बस्छौ सदा पाटिमा
लाम्खुट्टे, भुसुना, जुका पनि यहाँ लाग्दैन ओडारमा
भन्दैथिन्, बिचरी सफा हृदयकी, हेरेर हामीसित,
त्यै वेला अनि जोगिनी नकचरी आई लगी आखिर

हामी मौन रहयौं गरी अति कडा गाली गलौजा पनि
हाम्रो छाती विदीर्ण भो छल गरी सम्झ्यौं अभागी अनि
भन्थिन् ती तर फर्किएर - म छिटै उम्की यहाँ आउँला,
तिम्रै साथ बसेर बास वनमा हाँसी खुशी खाउँला ।

३

जोगिनी :– (छायासँग चेपारो पार्दै )
यौटै मात्र छ देहमा पनि लुगा साथीहरू देखिन,
जाने माइत हो कि वा घर तिमी चस्किन्छ मेरो मन,
भेट्टाएँ कुन भाग्यले शशिमुखी आइपुग्यौ के गरी ?
पायौ के कति कष्ट यी शिखरमा ? खायौ तुषारो झरी ?

एक्लो यो वनमा विचार नगरी आयौ तिमी साँझमा
तिम्रो हुन्न कुनै अरू विपिनमा आफन्त संसारमा

आऊ लौ बस भित्र ताप न लिई निर्विघ्न छन् सत्तल,
हेरौली म घुमाउँला सँगसँगै उद्यान छन् देवल ।
बोल्ने नै मन गर्दिनौ किन तिमी आमा सरी मान्दिनौ ?
जोगीनी वनवासिनी कि त भनी भित्री व्यथा खोल्दिनौ ?
के बिग्रिन्छ बताउँदा हृदयको बेथा यहाँ को छ र ?
एकान्तस्थल, शान्त रात, कुटिमा कल्ले कुरा सुन्छ र ?

छाया :—

मेरा उज्ज्वल प्यारका, हृदयका ज्वाला थिए जीवन
टाढा ओझल भै गए रवि सरी यो रुन्छ सम्झी मन
खोजौंला र फिराउँला घर भनी आफ्नो पियारो धन,
आएकी छु अभागिनी वन घुमी लाएर सारा मन ।
आए रात, गए, भए दिन यहाँ फर्कन मेरो दिन,
लाग्यो दर्द बिछट्ट नै हृदयको मैलाइ जिस्क्याउन,
त्यो लाग्यो अनि पूर्ण गर्न घरमा ज्यादै रजाई तम
सारा सम्पति सार प्रीति मनका टाढा भए प्रीतम ।

जोगिनी :—

सन्ध्याकाल भयो छिटै म गुरुको पूजा गरी आउँला,
दीयो देवलमा जलाइ शिवको नैवेद्य ली आउँला,
नौलो बास र रात सम्झी मनमा नानी ! नराखे भय,
छैनन् देवलमा कुनै पनि यहाँ मान्छेहरु निर्दय ।

४

जोगी :— ( जोगीनीसित )
आयौ देवलमा नयाँ किन तिमी छोडी त्यसै पाहुना ?
सुन्दैमा पनि आत्तिएँ म त कुरा के थप्तछ्यौ वेदना !
ज्यादै आकुल यो रहन्छ दिल नै देखी नयाँ सुन्दरी,
मैले पर्दछ भन्नु के ? बरु छिटै ल्याऊ गई सुस्तरी ।

मेरो आश न मार प्रीति उसमा देखाउ राम्रो तिमी ,
ल्याईनौ किन साथमा हँसमुखी ! के ठान्दछ्यौ है तिमी ?
सुन्दैमा मन उर्लियो, मदनको ज्वाला यहाँ जल्दछ,
जाऊ फर्क फकाउँदै अब छिटै ल्याऊ कुरा खुल्दछ ।

जोगिनी :—

यो आर्जं मनमा विचार नगरौं, धेरै कुरा गर्नु छ,
अर्तीका उपदेशका पनि कुरा धेरै गुनी गर्नु छ,

राखौंला म भुलाउँदै समयमा सम्झाउँदै ल्याउँला,
यात्री छन् अहिले यहाँ वनभरी, थाहा कुनै पाउला ।
मायाले वशमा म पार्दछु छिटै, अत्तेर क्यै हुन्न रे
सोझो अङ्गुलिले जमेपछि घिऊ तानेर आउन्न रे
लाटी छैन, छ चाल माल उसको भिन्नै नयाँ दर्शन,
खाली धाक, रवाफले बुझ्र तिमी सुम्पिन्न त्यो जीवन
जोगी :—
तिम्रै नै भरमा म बस्तछु प्रिये ! आऊ तिमी काखमा
आफैं नै बुझ्र कोपिला मदनको फक्रन्छ वैशाखमा
धेरै मान गरी रिझाउनु पर्‍यो पारी बरु कैदिनी,
एकै चुम्बनले बनाउँछ भनी संसारमाकी धनी ।
तिम्रै खातिरमा म सेवक भएँ, मायाँ तिमीलाइ छ,
तिम्रै निम्ति सदा खुला दिल दिएँ थाहा तिमीलाइ छ,
राखौंला पहिले यहाँ छल गरी पारी छिटै जोगिनी,
पारौंला पछि जालमा जतनले भागी न जाओस् भनी ।

५

छाया :— ( मनमनै )
धेरै बेर भयो कतातिर गईं, फर्किन्न के जोगिनी ?
बालौं छैन टुकी र पानस यहाँ देखिन्न केही पनी,
लाग्छन् बाघ र भालु घोर वनमा गर्जन्छ झन् केसरी
झर्छन् बर्बर अङ्गमा पनि जुका बर्सात झैं बेसरी ।
कालो रात बिताउँला म कसरी ? जाऊँ कहाँ कोसँग ?
एक्लै सत्तलमा बसौं अभय भै के चालमालासँग ?
पाएथें अरु रात बास घरमा लाग्दैनथ्यो क्यै डर,
त्यो छाले रहिछे कि नत्र किन हो देखिन्न केही भर !
लाम्खुट्टे हरु टोक्तछन् हुचिलको चर्को छ कोलाहल,
तारा छन् तर अन्धकार नभमा देखिन्छ झन् बादल,
आफ्नै प्रीतमले भुली पर गए आधार को दिन्छ र ?
रोएमा पनि यो घना विपिनमा आएर को सुन्छ र ?
जोगिनी :— ( ढोका खोलेर भित्र पस्तै )
नानी ! लौ उठ, यो प्रसाद शिवको लाऊ तिमी केशमा,
छोरी ! पावन यो पुवा पनि तिमी खाऊ लिई पातमा

मेरो आशिष सत्यहोस् पति मिलुन् तिम्रो फुलोस् यौवन,
माया जङ्गलमा रहोस् विरहको काया बनोस् कञ्चन।
केही बाँकी भए व्यथा, भन सबै भित्रो इरादाहरु,
को को छन् घरमा जहान रसिली! छोरा र छोरी अरु ?
के को निम्ति त्यस भुली पर गए बिर्सेर यो यौवन–
बैलाएर बिलाउला कुसुम झैं एक्लै बसे जीवन,
छाया:—
हामी शान्त थियौं विचार सबको बाँडेर खाने थियो,
हामी कान्त थियौं मुहार सबको हाँसीरहेको थियो,
हाँसी याम बिताउँथ्यौ सब सखी धन्दा भएका जति
झुल्कन्थे मनका तथा नयनका ज्वाला र छाया-पति।
के के भो ! कुइरो बढ्यो सँगसँग बढ्दै गए दानव,
खोजी गर्दछु विश्वमा भनि गए, कोही भए मानव,
ज्वाला नाम थियो जहान सबका प्यारा थिए भास्कर
आएकी छु म खोज्न आकुल भई हाँस्छन् यहाँ पत्थर।
मेरा ती कलिला मुना हृदयका छोडेर आश्वासित
आएकी म छु प्रेम विह्वल भई सोधेर धर्तीसित
नासो केवल धर्तिको धरणिमै हाँसी सदा फुल्दछ
ढुङ्गाको पनि आँतबाट रसिलो पानी सदा बग्दछ।
जोगिनी:- (चेपार घस्तै छायाको हात समाएर)
के तिम्रो मन आत्तियो ? सुख दिने के देख्तिनौ देवल ?
जाने नै मन गर्दछ्यौ, किन उठ्यो ? बिस्यौं र के बादल ?
पानी पर्दछ सिम्सिमे शिखरमा संसार नै छोप्दछ
नानी ! जान कदापि हुन्न बनमा, सकष्ट झन् पर्दछ।
भाग्ने मानिस वीर हुन्न कहिल्यै फर्केर आए पनि,
राख्ने मानिस हुन्न फेरि तिमिले माया लगाए पनि,
डाकी ज्योतिषिलाइ झट्ट भरिलो ! यो हात देखाउँला,
होला भेट भन्यो भने बरु म नै साथी बनी जाउँला,



ज्योतिषी:—
तिम्रो भन्दछ हातले पति बन्यो जोगी हरिद्वारमा
फर्के हुन्छ तिमी फरक्क घरमा, के खोज्दछ्यौ व्यर्थमा ?

मेरो बोलि असत्य हुन्न कहिल्यै, साँचो कुरा जान्दछु
अर्को गर्नु विवाह पर्छ तिमिले चाँडै कतै, भन्दछु।
राम्रो मिल्दछ आखिरी पति छिटै, माया मिठो मिल्दछ,
आफ्नो मानिस ह्वैन त्यो तर बुझ्यौ आफ्नै सरी बन्दछ,
मिल्ने छैन घुमेर नै सुन तिमी संसार खोजे पनि,
आफ्नो बैंस नफाल है वनवनै एक्लै घुमी कामिनी !
छाया :— ( पतिलाई सम्झेर, मनमनै )
आशा-तन्तु गए झिना हृदयका साह्रै भएँ व्याकुल
छोडी यौवन - कालमा किन भयौ जोगी भई आकुल ?
ती आशा मनका निराश -रहमा चुर्लुम्म डुब्दै गए
मेरा भास्कर ! छेकियौ किन तिमी ? छाया यहाँ पेलिए।
के सम्झेर गयौ अनन्त भवमा, ओझेल पारी घर ?
के ठानेर गयौ विशाल मनका ! आकाशदेखी पर ?
झुल्किन्छौ नि भनी बिहान पखमा आशा लिएकी थिएँ
रेखाले तर हातका मलिन यी, आशाहरु छेकिए।
खुम्च्यायो रविले सफा कर सबै आकाश कालो भयो,
एकै चुम्बनले चुसी शिखर त्यो छोडेर टाढा गयो,
सेता सम्पति शैलका र वनका शोभा पहेँला भए,
धर्तीका हरिया पहाड वनका छाया अँध्यारा भए !
हाँस्तैनन् अब शैलका शिखर यी भोली बिहानी पख ?
फिर्दैनन् अब साँच्चि नै कि मुटुका ज्वाला फिराई सुख ?
फर्कन्छन् तर देवता हृदयका ज्वाला यहाँ क्वै दिन
स्वार्थी यी शठ ज्योतिषी छल गरी बेसार घस्छन् किन ?
जोगिनी :– ( छायालाई गम्भीर देखेर )
छोरी ! पण्डितका कुरा सब सुन्यौ के हुन्छ त्यो घोरिई ?
सारा पीर तिलाञ्जली हृदयका देऊ तिमी बिर्सिई
आँसू रोक, सबै व्यथा विरहका ती हर्षमा पोखुँला,
आमा झैं म बनेर ओंठ रसिलो तिम्रो यहाँ पारुँला।
नानी ! पर्दछ बाँच्न हाँस मनका सारा हटाई पिर
के गछ्यौं पिर खालि, यो विरहले मर्दैन के बैंस र ?
खोजौंला बलियो र वीर हँसिलो भोली यहाँ ल्याउँली
राम्रो यौवनमा पराग रसिलो हाँसी तिमी पाउली।
छाया:— (साहस बटुलेर)
के गर्ने सुर यो गन्यौ असुर झैं बेसार घस्तै यहाँ,
तिम्रा यी छल छामका भर गरी सुम्पिन्न आत्मा यहाँ

फर्की आउँछ सूर्य फेरि नभमा उघ्रिन्छ भोली दिन,
बैलाएर बिलाउँछन् खलहरु सम्झन्न कोही किन ?
( छायालाई थुनेर जोगिनी जोगीकहाँ जान्छे )

७

छाया :— ( मन मनमा )
खेलौना विधिको भनौं कि त भनौं तिम्रा हरे ! धारणा,
मान्छेले किन दिन्छ मानिसहरुलाई त्यसै यातना,
ढोकासम्म थुनेर मै पर कहाँ ? त्यो जोगिनी निष्ठुर,
के छोडेर सतीत्व मान पतिको, अर्को यहाँ रोज्छु र ?
माला मन्त्र जपेर साधु नहुने, निभ्थ्यो र के वासना,
देखिन्छन् सब कामले सकलका इच्छा तथा भावना
आक्रोस् त्यो अनि गर्जिएर सतिको आवाजमा भन्दछु,
खोलेरै कि त जाउँला चुकुल मै संसारमा गाउँछु ।
नारीले पनि बिर्सिएपछि यहाँ बाटो, कला कौशल,
के मर्दन र सिर्जना सकल यो सन्तानको निर्मल ?
सम्झन्नन् किन हाय ! मूल्य नरको बन्छन् उसै जोगिनी
नारी हूँ म त हुँन रे मफतमा बन्ने त्यसै कामिनी ।
धोकामा म समान नै कति परे होलान् खपे उल्झन,
मारेरै पनि फालिए कति यहाँ होलान् सती–जीवन,
होला मर्न भलो मलाइ बरु लौ पासो लगाईकन,
मेरो दोष छ के र व्यर्थ मनमा मैले गरें चिन्तन ?
मारीदिन्छु म जोगिनी बरु यहाँ आई भने भोगिनी,
बाँच्लान् लाखन लाख वीर वनिता पाएर सञ्जीवनी,
खापा बन्द छ यो तथापि अहिले यी लातले फोर्दछु ।
आफ्नो लाज बचाउँदै जगतका जञ्जाल यो तोड्दछु ।
जोगिनी :— ( जोगी सहित भित्र पसेर ढोका लगाउँदै )
सम्झिन्छयौ तर फकिइन्न पति त्यो सम्झेर के गर्दछयौ ?
फकिन्छयौ पनि व्यर्थ जान्छ कुसुमी यो बैंस के गर्दछयौ ?
बासी यौवन भन्छ को र ! झरिलो गङ्गा सरी बैंस छ,
देख्तैमा पनि गर्वसाथ भमरो रोमाञ्चले धाउँछ ।
बाँकी यौवन–कालमा सब कला देखाउनै पर्दछ,
मोकामा सब भोग, भोग्य पदमा मान्छे सदा पर्दछ,

सम्झ यो छ सुवर्ण काल मनको त्यो छोड आडम्बर,
तिम्रोनिम्ति प्रसन्न हेर रसिलो ! आइपुगेको वर,

जोगी :— ( कामविह्वल भएर छायासँग )

तिम्रो चन्द्रमुहारको म त भएँ लोभी चखेवा सरी,
यो एकान्त कुटी छ रात गहिरो देखाउ माया भरी,
तापेको छ शरीर यो मदनले माया दिए के भयो ?
आफ्नो पूर्वकथा भुली बस तिमी मेरी भए के भयो ?
तिम्रो कान्ति पराग पूर्ण मुखको देखी भएँ व्याकुल
आएकोछु प्रिये ! म चातक सरी प्यासी बनी आकुल
वैलाए सरि प्याउली किन भयौ वैशाखका घाममा ?
पारी देवल स्वर्ग तुल्य अहिल्यै आऊ तिमी काखमा,
तिम्रैनिम्ति छ कात्र पुष्ट, बलियो, एकान्त यो देवल,
साथैमा म घुमाउँला हँसमुखी उद्यानमा केवल,
लाऊ यो सुनको सफा तिलहरी यो प्रेमको चिह्न हो,
तिम्रै खातिरमा रहन्छ दिल यो सौगातका निम्ति हो ।

छाया :— ( आक्रोशसाथ उठ्तै )

तिम्रो तुच्छ कुकर्मको धन बुझ्यौ चाहिन्न है कञ्चन,
तिम्रो प्रीति र चाकरीपन कुनै चाहिन्न है गन्थन,
बेऊ मार्ग कि वा बनाउँछु म नै राँको सरी रन्किई
फाल्नेछैन कदापि देह भरिलो श्रीपुष्पले लत्रिई ।
हावा नै पनि मैलिइन्छ कुसुमी छाले कुरा यी सुनी
मेरो जीवन पुष्प खिल्छ नभमा रोके र छेके पनि
तिम्रो तागत जाँचुला हृदयको बालेर ज्वाला सुन
उम्कौंला म अवश्य बन्धन कडा काटेर भोली गुन ।

जोगिनी :— ( भय देखाउँदै )

ए नारी परदेशिनी, विरहिणी ! भागेर जाने कहाँ ?
ठोकेकोछु न खुस्किने चुकुलले सम्पूर्ण खापा यहाँ
मिल्ने छैन नि मार्ग यो विपिनमा सुन्दैन क्वै रोदन,
साँचो सम्झ यथार्थता बुझ भयौ बन्दी तिमी यो छिन ।
तिम्रो गर्व समाप्त हुन्छ छिनमै, गर्जेर के गर्दछ्यौ ?
हामीलाई नमानि टिक्छ कुन यो संसारमा भुल्दछ्यौ ?
देऊ यौवन सुम्पिएर अहिले यै रातमा वासमा,
छोड्ने छैन कदापि पुष्प भमरो संसारका वासना,

जोगी :— ( केही शान्त र भयभीत भए पनि त्रास देखाएर )

धेरै बेर खर्पे मनाउन सखी ! मान्छ्यौ कि आफैं भनी
तिम्रो अमृत ओठको रसभरी दिन्छयौ कि प्याला भनी
मानीनौ तर स्वाँगबाट मनको बेकारमा भामिनी !
मान्छेले मन थाम्न मुश्किल भए के गर्छ गर्दैन नि !

एकै चुम्बमले चिरेर मनको धोको पुऱ्याऊ तिमी,
"रानी आज बने" भनीकन गमी माया लगाऊ तिमी
साँरा देव महर्षिका वचनमा बस्छ्यौ झुकाई शिर
पत्नीला बरु भक्तिले चरणमा, कल्याण प्यारो गर

यो मेरो बल यो प्रभाव कुटिको जान्दैन कोही पनि,
सक्तैनन् लिन भिक्को पनि कुरो देख्तैन कोही पनि,
के गर्छयौ ? सुन साथ छैन अहिले सम्झेर आफ्नै पति
रक्षा खातिर ज्यानको सुनयनी फकाउ आफ्नो मति ।

छाया :— ( झन् आक्रोशमा )

तिम्रा गर्हित कर्मका वचन यी बन्छन् मलाई शर
मैल्याएर न मार है जगतयो मैल्याउँदै मन्दिर
मेरो मार्ग न छेक, रुन्छ मन यो पन्छी बनी जाउँला
ज्वाला बल्दछ, निभ्छ, बल्छ तर है सीता म भै आउँला ।

कस्तो तुच्छ कुटी, विचार मनका छन् झन् छि छि दुर्दुर
देखाए पहिले अनन्त करुणा राखेर आडम्बर
पछि खाडलमा समाज धमिलो पारेर अन्धो बनी
हुन्थ्यो बेस मरे भने बरु छिटै जोगी तथा जोगिनी

स्वार्थी छौ, कति अन्ध छौ, मदनले उन्मत्त छौ व्याकुल,
पर्ने छौ अति गर्वले हृदयको आफैं तिमी खाडल
सक्दैनौ जति नै गरे पनि यहाँ नारीत्व मैल्याउन
मारेमा पनि आज, भोलि सतिले लिन्छन् नयाँ जीवन ।

जोगिनी :— ( अट्टहास गर्दै )

बाटो छैन सम्हाल होश मनले चल्दैन तिम्रो बल,
साटो के पछि फेर्दछयौ ? बुझ तिमी छैनौं कुनै निर्बल,
तिम्रै निम्ति गरें प्रयास यसरी सत्कार औ स्वागत
व्यर्थमा किन गर्व ? छोडन तिमी आफ्नो हठी आदत ।

जोगी :— ( गेरुवा वस्त्र उतारेर )

यो संयोग थियो, थियौं सब जना तिम्रै भएका यहाँ,
तिम्रै भाग्य थियो भन्यौं सब कुरा भागेर जान्छयौ कहाँ ?
तिम्रो को भर दिन्छ ? छैन वनमा आधार आई दिने,
ज्वाला छैन गयो पराजित भई छाया भनी सम्झिने ।

मेरी प्राण पियारि भैं, बन तिमी संसारमाको धनी
जोगी हुँन म, हेर भित्र कपडा यो छातिलाई पनि,
"मान्छ्यौ मान गरे" भनी, अघि सरी सर्वस्व सुम्पन्छु म
राख्छ्यौ गर्व भएर क्रोधित भने भोगेर नै छोड्छु म,

छाए झैं कुसुमी सुगन्ध वनमा वास्ना तिमी छोड लौ,
बैरागी नभनी भनी युवक हो नाता तिमी जोड लौ,
तिम्रो व्यर्थ विचार छोड हठिलो बानी र बानी पनि
मान्छेले गम कामको जलनमा देख्तैन आँखा भनी।

छाया :— ( मनमनमा )

के गर्नें ? तर उम्किनै अब पर्‍यो अर्को लिई मार्ग म,
"भोली आउँछु साँझमा सुमनको माला लिई" भन्छु म,
फर्कला कि त आशले पतित यो, सुत्ली कि यो भोगिनी
लत्याएर म उम्कुँला सहज नै ढोका उघारी अनि

छाया :— ( प्रकाशमा )

न्वाएकी पनि छैन केश छ खुला शृङ्गारले हीन छु,
गाँसेकी पनि छैन फूल वनको, कैदी सरी दीन छु
पाऊँ म्याद, म भोलि नै प्रणयको सङ्गीत गुन्जाउँला
धर्ती अम्बर झैं दुबै अनि यहीं नाता नयाँ लाउँला।

जोगिनी :—

यो छाले अब छल्न तम्सिइसकी बेसार घस्तै यहाँ,
भुल्याएर पछारिदेउ भुइँमा, भागेर जाली कहाँ ?
विश्वासी पनि बन्न तत्पर भई भाग्ने गरी साधना,
भोगी कैद पठाइदेउ निशिमै भोगोस् अरु यातना।

छाया :— ( कडुला शब्दमा )

मेरो सीप चलेन है, विपिनमा लौ आउ कोही भए !!!
मान्छेको मनको विषाद गहिरो लौ आउ कोही भए !!!
पापीका छलमा परें, अब मरें, ज्यादै भएँ घायल,
यौटै साथ दिने भए जन कुनै मै पार्दथें कायल।

चाण्डाल्नी, सतिघातिनी, कुटुनिले पारी बडो मुश्किल,
देऊ त्राण कुनै भए बगलमा देखी दशा विह्वल,
पापीको वशमा परें अब गयो मेरो कथा उज्ज्वल
लाग्ने भो ननिको कलङ्क, सतिको नारीत्वमा प्रोज्ज्वल।

छोडीदेउन हात यो बरु मरी अर्को जुनी पाउँला,
सीता, सागरजा, अनन्त गिरिजा, तारा बनी आउँला,

मेटेमा पनि मेटिदैन मनको ज्वाला सधैं बल्दछ
पापी हो ! फल पापको भुवनमा चाँडै सबै मिल्दछ ।
कस्ता कष्ट परे, परून् जति यहाँ जे जे, सबै खेप्दछु,
तिम्रा यी सब चालमाल ननिका संसारमा खोल्दछु
लोकाचार हटाउँला कि बलियो, यो देह नै छोड्ँला
मान्नेछैन कदापि धूर्तहरुको आदेश यी तोड्ँला,

८

यात्री :— ( भरियाहरुसित )
रोएको कुटिमा सुनिन्छ दुखले नारी कुनै के भयो ?
ए साथी ! उठ जानुपर्छ, भरिया दाई ! त्यहाँ के भयो ?
पल्टेको म थिएँ निशाचर त्यहाँ गर्दै थिए गुन्गुन,
आयो आर्त पुकार, दानवहरू लागे कि बाधा दिन
यात्री :— ( बाहिरैबाट जोगी जोगिनीलाई सम्बोधन गर्दै )
जोगी भै अनि जोगिनी तर कठै दिन्छौ कडा यातना;
मर्नै छैन तथापि रक्त मुटुको संसारका भावना
तिम्रा चर्तिकला समस्त बुझियो पापी बन्यौ निर्दय
खोसी भाग गरीबका रगतमा खेल्छौ भई निर्भय ।
सारा यी अपराध ढाँट छलका, छोपिन्न है निष्ठुर !
ढोका बन्द गरी सतीतन थुनी के गर्न आँट्यौ सुर ?
होला गर्व समाप्त छ्य छिनमा तिम्रो छिटै जीवन,
हाँस्लान् स्याल र गिद्ध भोलि वनमा तिम्रो गरी भोजन ।
छाया :—
आओ, अन्तिम याम भै अब सक्यो खोलेर ढोका यहाँ,
मेरो हुर्मत राख लौ सब मिली आएर चाँडै यहाँ
आएको सुनिइन्छ सोर नरको मर्दैन है साहस
तिम्रा निन्दित शक्तिको मिति पुग्यो पाईसकें ढाढस ।
नारीमा पनि शक्ति हुन्छ नरकोभन्दा बढी दोबर,
वेलामाफिक बुद्धि सुझ्छ गतिलो आदर्शले दोबर,
ज्वाला विकृत हुन्छ, रुन्छ मनको आफैं बिलाएँ भने
तिम्रा गर्हित ताल माल वनमा आएर सारा गुनें,
पापी ! नीच ! तिमीहरु विरतिका देखाउँछौ नाटक
लोभी कामपिपासु यो छ रतिको आस्वादमा उत्सुक

लौ लौ तैंपनि भन्दछौ किन अभैं छौं हामि खासा भनी,
कस्ता छौ, अब चिन्दछन् जगतले, मैलाई मारे पनि,
दन्केला अब अग्नि दन्दन यहाँ आदर्श विद्रोहको,
पोखौंला सब ताप, राप मुटुको फुक्तै महाश्वास यो
भाग्ने कोशिस गर्दछौ किन हरे ! ए धूर्त ! ए मूर्ख हो !
मेरो साहस हेर सम्मुख भई पाखण्डका पुञ्ज हो !
पापी हो ! म चखाउने अब भएँ आस्वाद यी पाउका,
स्वार्थी हो ! म झुकाउने अब भएँ तिम्रा उँचा टाउका,
मिल्ने छन् सब स्वाद बाहु बलिया देखाउ तिम्रा भए,
बोलाऊ अरु आउने पनि यहाँ तिम्रा सहारा भए।
नारी हूँ म नरत्वको पथिक हूँ तारा हूँ आकाशको
आमा हूँ अमरत्वको बुटी दिने हूँ सिर्जना धर्तिको
ज्वाला हूँ म जलाउने जगत नै ज्वालामुखी पर्वत
साध्वी हूँ म अनन्तकालतकको मायामुखी सर्वतः।
यात्री र भरियाहरु ( ढोका फोर्न थाल्दै परस्परमा )
हावाले, जल, घाम, जूनहरुले कर्तव्य गर्छन् पुरा
हामीले पनि गर्नु पर्छ अहिले कर्त्तव्य सोची पुरा
देवीलाई छले. प्रपञ्च छलले खोसेर हामीसंग,
हामी के अब गर्दछौं तिनिहरु हेरुन्न राम्रोसंग।
छाया :— ( भरिया र यात्रीहरुलाई कुटीको गुप्त द्वारतर्फ सङ्केत गर्दै )
ए दाजूहरु हो ! समाउन छिटै, जाँदै छ त्यो बाहिर,
लौ लौ नीच लुक्यो, उतातिर गयो त्यो गुप्त ढोकातिर,
पर्दैछ अब पाविनी चरणमा, ज्वाला लिई आउँला,
खोजी यी शठका कुकर्महरुको साटो छिटै फेरुँला।
भरिया :— ( यात्री र छायातिर हेरेर )
धर्तीमा धमिलो पना छ ननिको, आकाशमा बादल
को आएपछि यो पुरिन्छ गहिरो संसारको खाडल ?
मान्नेछैन कुनै विचार बिटुलो पारीदिने देवल, — प्रतीक
जुट्छौं एक भई सबै अब नयाँ निर्माणमा केवल।
छाया :—
हामी नै सब हर्दछौं विरहका वेथा भनी रातमा,
मानौं कोशिस सम्म नै पनि गरे धोका दिई पातमा
खाने दाँत लुकाउँदै अति निका देखाउँदै बाहिर
पाखण्डी नरहस्तिले जगत यो भैल्याउँछन् सुन्दर।

यात्री :—

रुन्छन् रीति परम्परा चहकिना जारीःत्र रोएपछि
सुबछन् नीति र न्यायका सुसरिता मालिन्य छाएपछि,
को हो साधु ! असाधु ? भेष सबको भाषा छ उस्तै निको
के रोकिन्न मुहान नै अब भुले विज्ञानको ज्ञानको ?

हामी नै पहिले थियौं गुरु निका विज्ञानका, ज्ञानका,
हामी सन्त थियौं महान सबका खासा थियौं विश्वका
नाच्थ्यौं रे नभ धर्तिका सब कुना घुम्थ्यौं नमानी धक
हामी नै अहिले भयौं किन हरे ! लोभी, छली, कामुक ।

छाया :—

यात्री हो अब के गरौं विजनमा ? यात्रा अझै शेष छ,
पानीको पनि प्यासले र भयले गोडा त्यसै काँप्दछ,
ओहो ! भाग्यवती थिएँ, सब भयो आधार मेरा यहाँ,
यो कालो रजनी र मध्य वनमा एक्लो म जाऊँ कहाँ ?

भरियाहरु :—

कालो रात कठोर माझ वनको कालो गुनी देवल,
आयौं आत्तिईकै सुनी रुदनका चीत्कार कोलाहल,
हाम्रै भाग्य थियो बचाउनु थियो हाम्रो यहाँ जोवन,
तिम्रो स्वागत गर्दछौं सकल नै सम्मान आजीवन,

( यो वार्त्तालाप पछि यात्री र भरियाहरुले छायालाई आफ्नै वासमा लैजान्छन् )

छाया :—

टोलाए पछि सूर्य साँझरवका अस्ताउँछन् आखिर
मौलाएपछि भावना हृदयका, ती आउँछन् बाहिर
खोजी तोड्न अवश्य पर्छ यिनका जन्जाल औ बन्धन,
यै सन्देश सुनाउँ विश्वभरमा हामी बनौं कञ्चन ।

( उषाकलमा )

आए सूर्य उदाउँदै गगनमा लालित्य रेखा छरी
पाए छर्दछु भावना गहकिला ज्वाला, यहाँ माधुरी
धेरै बेर सुत्यौं, उठौं अब सबै पल्टेर के गर्नु र ?
चढ्नै पर्दछ टाकुरा असजिला सम्झेर के गर्नु र ?

यात्री :– ( जुरुक्क उठेर )

जान्छौं साथ सबै छ मार्ग वनमा योटै ठूलो चम्किने,
देखिन्छन् गिरि कन्दरा, र चुचुरा आकाश सम्मै छुने,

नाघौंला सब शैल यी अघि बढी, हामी सली ! निर्मली !
ज्वाला निश्चय भेटिनेछ सबले खोजीगरौंला मिली ।

( सबै उकालो लाग्छन् )

छाया :— ( बाटोमा )

होला बास कि फाँटमा, कि वनमा फेरी कुनै घाटमा,
होलान् प्रीतम कि त्यहीं नजिकको भञ्ज्याङको गाउँमा ?
नीलो त्यो नभमा छ बादल घना कालो, भएँ विह्वल;
सम्झी चित्त चुँडिन्छ हाय ! घरका सन्तान ती निर्मल,
लेकाली फलफूलले हृदयले मेरो गर्‍यौ स्वागत,
माया, मान, दया गरेर निशिमा धेरै गर्‍यौ मद्दत
पाएमा अरु आँट गद्गद भई पन्छी बनी जाउँला
मेरा जीवन ढुक्ढुकी हृदयका ज्वाला म भेट्टाउँला ।

( मूर्छित झैं हुन्छिन् )

यात्री र भरियाहरु :— ( छायालाई चिन्तित देखेर )

मुस्केरा किन निस्कियो अधरमा, सन्देश सद्वाहिनी !
मान्यौ के मनमा कि चिन्तन उठ्यो एक्लै परौंला भनी ?
हाम्रो यो मुटुमा बसी रगतमा सञ्चार लिराउली
बेहानीपख आउला हृदयमा ज्वाला तिमी पाउली, ।
हामी केवल भन्दछौं हृदयका पीडा यहाँ खोलीद्यौ
साराकी बन नायिका, जल तिमी सन्तोषको ल्याइद्यौ,
अग्ला पर्वत फोरौंला र पुरौंला खोल्सा तथा खाडल,
बाटो सम्म बनाउँला सब मिली तिम्रो यहाँ कोमल
काटौं काल समान रात ननिको हामी बसी साथमा,
फालौं बादल नेत्रका, विषमता मेटीदिऊँ धर्तिमा,
भोली हुन्छ बिहान धर्ति हरियो देखिन्छ तारा हुँदा,
तिम्रो प्रीतम फर्किइन्छ मनको ज्वाला यहाँ पाउँदा ।

भरिया :— ( यात्रीसित )

रच्छन् भेष यहाँ अनेक थरिका ठग्छन् तथा चोर्दछन्
पार्छन् झन् अझ दीन, हीन, पथरालाई लुछी मार्दछन्
गर्छन् आँट अनेक छाँट रचि यी बन्लान् कि झन् राक्षस,
आएका अझ छन् कि ती लुकि छिपी, हेरौं गरी साहस !

छाया :— ( पतिलाई सम्झेर )

ए मेरा प्रिय ! प्राण ! मान मनकी चोखी सती छे भनी,
आएकी म छु खोज्न घोर बनको सल्लेरि घारी गुनी

जोगाएर सतीत्व यो विरहिणी पर्खीरहेकी म छु
पाऊँ बाहु बलिष्ट देव ! दुखिनी विन्ती यही गर्दछु ।
( मूर्छित हुन्छिन् )

यात्री :— ( भरियाहरुसित )

पानी ल्याउन टोपिमा अब छिटो दौडेर जाओ बरु,
ज्वाला खोजन गाउँमा घुमि घुमी भाई कुनै गं अरु
बोली बन्द छ खोल्दिनन् नयन यी काढेर आँसु यहाँ
थामौंला अब के गरेर यिनको यो देहलाई यहाँ ?

चल्ला मन्द बतास उच्च गिरिको खेलेर बासनासँग
खुल्ला मन्थर ओठमा मधुरिमा भेटेर ज्वाला सँग
सोधौंला मनको व्यथा धुकधुकी खोलेर हामी यहीं,
पोखौंला मनको दशा खुलदुली छोडी न जाऊँ कहीं ।

चारैतर्फ फिजाउँदै करहरु हाँसेर हेर्लान् रवि
लालिमा नभमा, हिमालचुलिमा छर्लान् सुनौला छवि,
के भो अस्त भएर सूर्य ? दिन यो बन्दैन है अन्तिम,
ज्वाला ल्याउँछ प्रातःकाल भरिलो आभा छरी स्वर्णिम ।

हाँसेको हिमशृङ्खला सरि सती हांस्लान् उषाकालमा,
आफैं पातलिइन्छ काल सरिको यो रात आकाशमा
जोगायो जलले कि ज्यान, वनको हावा भयो अमृत,
आयो होश, चले खुले अधर यी आँखा उघारिन् स्वतः

यात्री :— (छायासित)

रोए दर्शक यी सबै अनि सती! हामी सबै टोलियौं
सारा वृक्ष, लता मरे सरि थिए, हामी झुकेका थियौं,
सल्लेरी वनमा सुगन्धसँगमा खेलेर हावा चल्यो,
ल्याई नीर पिलाउँदा अधरको हावा सुगन्धी चल्यो ।

भरिया:—

नौलो भाव दियौ विचार मनमा लालित्य रेखा छर्‍यौ,
आफ्ना कोमल भावले सकलमा पीयूष वर्षा गर्‍यौ,
खोज्छौं सर्व दिशा घुमी सब जना ज्वाला छिटै ल्याउँछौं
स्वार्थी, नीच समाजका उपरमा धावा छिटै बोल्दछौं ।

(यात्री र केही भरिया ज्वालाको खोजीमा निस्कन्छन्,
केही छायाको सुरक्षाकानिम्ति बस्छन्)

( साटो फेरें उद्देश्यले पछ्याउँदै आएको जोगीले सुरक्षाकानिम्ति बसेकाहरु यताउती लागेको मौकापारी एक्लो छायामाथि अनुचरद्वारा आक्रमणगराउँदै )

ओहो ! यो अरु पो बढेर अहिले गर्दछ के के कुरा,
आफैं नै सब सम्झिएर छलले ताकेर हान्ली छुरा,
चुल्ठोलाइ समाउँदै थिच मिचो पल्टाइ छातीतिर,
कुलेंली भरिया लिएर सँग्रमा हेरेर यात्रीतिर ।

बेवास्ता नगरौं कुदेर अहिल्यै बाटो सबै छेक लौ,
उम्केली अरु मात्तिई नकचरी बाँधेर लेराउ लौ ।
सासै सम्म नराख सास्ति अति नै वर्षाउ वर्षा सरी
ढाक्रे यी भरिया कतातिर गए, हेरुन् सबै यो घरी ।

छाया :– ( उच्चा स्वरमा )

आए पर्वत वज्रिए सरि भई आली तिनै माकुरा
आऊ लौ सब लम्किएर बलिया फैलाउँदै पाखुरा,
के होला म मरें भने नि घरका, सन्तानको हालत ?
ए यात्री ! भरिया ! कतातिर गयौ ? फर्कर आऊ अब

झम्टे बाघ समान यी अधमले गर्जेर, लौ के गरुँ ।
मेरा सन्तती सम्झलान् कति हरे ! रोएर नै के गरुँ
आमाको अब आंसु सुक्छ कसरी सन्तान हाँस्लान् पछि ?
मेरो ध्यान लिने यरे सुर यहाँ सिक्री लगाएपछि

१०

आमा:— (घरको दयनीयस्थिति देखी छोरा बुहारीलाई सम्झेर)

ए मेरा मुटुका थुँगा, अधरका मुस्कान, काहाँ गयौ ?
ए मेरा प्रियपुत्र, हाय ! घरका आधार काहाँ गयौ ?
फर्कनौ किन हो ? विलम्ब किन भो ? चकिन्छ छाती दुखी
सम्झनौ किन मातृको हृदय यो ? सन्तान छन् झन् दुखी ।

पायौ कष्ट कि ? बन्दिनी कि त भयौ ? के भो ? तिमी फर्किनौ
बाटो नै कि भुलेर हाय दुलही ज्वाला कहीं भेटिनौ,
तिम्रा सन्तति भोकग्रस्त दिनहुँ रुन्छन् कठै ! सम्झिई
आईनौ किन फर्किएन घरमा पर्खन्छु मै कलिपई ।

११

( यात्री र भरियाहरु ज्वालालाई साथ लिई फर्कर आउँछन् )

हामी अन्ध भयौं भए सब तिनै देख्ने पुजारीहरु
भोका हामि रह्यौं, भए सब यहाँ खाने कुकर्मीहरु
हेर्‍यौं लोचनले विशाल नभमा ज्वाला कहाँ बस्तछ,
हावाले किन गुन्गुनाहट गरी खेलेर जिस्क्याउँछ ?

थोपा सुक्तछ शीतको रवि यहाँ फुलको दिदा रापले,
ज्वाला मिल्दछ भिन्न भिन्न मुटुमा छाम्यौं भने हातले,
भाग्नेछन् सब अन्धभक्त गुरुका चेला चपेटा अब
छायाको पनि ओगिइन्छ मुटुको माया, दया वैभव,

जोगी:— (अत्तालिएर)
आए लौन नि ! लौन ! ए ! अब कहाँ जाऊँ लुकाई मुख ?
हाम्रो थाम गयो, गए सकल नै ऐश्वर्य, पायौं दुख
बिर्सौं देवललाइ त्यो अरु कतै खोजी गरौं देवल,
अर्को छैन उपाय, बरै कि वनमै जाऊँ बरु केवल !

(अनुचर सहित जोगी त्यहाँबाट भाग्छ)

छाया:— (ज्वालालाई पाएर प्रसन्न मुद्रामा यात्रीहरुसित)
जोगायौ सबले मलाइ मनमा राखेर सद्भावना,
लेरायौ कति ठाउँमा घुमिघुमि स्वामी, पुग्यो कामना
मेरो हार्दिक धन्यवाद छ सबैलाई पुरी सादर
फाँडो झाँग नरोपि स्वस्थ बिरुवा बन्दैन राम्रो घर । ✱

१२

सबै:– (उल्लासमय वातावरणमा)
हामी स्वच्छ विचार प्रेरित भई दिन्छौं पसीना यहाँ,
फुल्छन् घाँस र पात फेरि हरिया हुन्छन् सुनौला यहाँ
खेलौंला अनि हात हात सबले फैलाइ राम्रोसित;
नाता छुन्न कदापि कोमल कहीं ती भेषधारीसित ।

कोदालो हँसिया रमाउँछ सदा खेलेर माटोसँग,
दोबाटो पुरिइन्छ मिल्छ दुनिया ज्वाला र छायासँग,
ज्वालाकै अब सामुमा लुटुपुटू हेरेर छायाभिर,
आनन्दी अनि सास फेर्छौं सुखको सन्तानले आखिर ।

(ज्वाला र छाया घर आइपुग्छन्)

ज्वाला:— (आमासित)
ए आमा ! अब फर्किएँ गति नयाँ ल्याई तपाईनिर,
ए आमा ! अब सुध्रिइन्छ घर यो हेर्नोस उठाई शिर,
पर्ने छैन तपाइँको हृदयमा बरै पीर कोल्ये पनि,
झल्केला अब जून घाम सरि नै हाम्रो सबै जीवनी ।

---

पत्रिका परिचय :—

रूप रेखा (मासिक) नव कविता अङ्क

वर्ष २० पूर्णाङ्क २१९ साउन २०३६। सम्पादक बालमुकुन्ददेव पाण्डे, उत्तमकुँवर व्यवस्थापक किशोर कुँवर मूल्य रु २।–

नेपाली भाषा र साहित्यको उत्थानकोनिम्ति रूप रेखाको योगदानका सम्बन्धमा जति लेखे पनि थोरै हुन्छ। आफ्नो जिन्दगीको आधा भाग रूप रेखा र नेपाली साहित्यका निम्ति चढाउने सम्पादक द्वय श्रद्धेय छन्। प्रस्तुत अङ्कमा तीन सशक्त हस्ताक्षरमा साक्षी बसेका कवि श्री ईश्वर वल्लभले आगोका फूल भित्रका आँखाले हेर्दा धूँवाले अत्याएको वेला परेछ त्यसले अशेष मल्ल बाहेक अरु कसैलाई हाम्रो आँखामा पार्न सकेनन्। यस अङ्कको सबभन्दा राम्रो कविता रमेश धितालको हो। यस्तै देवेन्द्र नेपाली, कृष्ण प्रधान, गोपाल पराजुली र श्याम बहादुरका कविताहरु राम्रा छन्। अरु आफनै खालका। देवेन्द्र राज उपाध्यायद्वारा लिखित कवि मोहन कोइराला र संज्ञाहीन नेपाली समाज एक यथार्थ लेख हो र यही नै यस अङ्कको प्राण हो। यदि आज सरकारी स्तरमा मोहन कोइरालाको आजीविकाको प्रबन्धको अन्त भएको छ भने जनस्तरमा हामी सबैले नेपाली साहित्यको सेवाकोनिम्ति समेत उहाँको प्रबन्ध गर्नु पर्दछ भन्ने उपाध्याय ज्यूको प्रस्ताव स्वागतयोग्य भएकोले यस सम्बन्धमा साहित्यिकहरुले तुरुन्तै पाइला चाल्नु पर्दछ। यस भेकबाट हाम्रो सहयोग हरबखत रहनेछ।

सम्पादकद्वयको जाँगर र नेपाली पाठकको शुभकामनाले 'रूप–रेखा' युगौं युग जिओस् भन्ने कामनासाथ

उषा, कलैया

---


# श्री ५ महाराजाधिराज सरकारको ३५ औं शुभ-जन्मोत्सवको उपलक्ष्यमा हार्दिक शुभकामना

राम्रो, आकर्षक छिटो, छरितो छपाईकोलागि र दुःख सुखमा काम लाग्ने एक मात्र ज्योति प्रेसमा, सम्पर्क राख्नु होस्।

*अनुरोधक*

ज्योति प्रेस, कलैया

अस्पताल रोड कलैया (बारा)

## पाठक प्रतिक्रियाः—

प्रतिनिधि अङ्क १ देख्ने सौभाग्य पाएँ । महाकवि देवकोटाज्यूको ७१ रौं जयन्तीको सन्दर्भमा यस प्रकारको साहित्यिक सँगालो निकाल्ने शुभ-प्रयास गर्नु भएकोमा खुशी लाग्यो । देशका साहित्यिक विभूतिकोनिमित्त केही गर्न खोज्नु उनीहरूको ऋणबाट अऋण भएर केही हल्का हुनु हो जस्तो मलाई लाग्दछ ।

सम्पादकीय अनुसार पत्रिकाको उद्देश्य पवित्र लाग्यो । कवितामा 'अनल; जीको मैले बी० एड्० पास गरें र लेखमा 'अतिथि देवो भव' तथा समीक्षामा 'नाटकीय दृष्टिमा कृषिबाला' हृदयस्पर्शी छन् । अरु मध्यम । 'अतिथि देवो भव जस्तो गम्भीर रचनाले कुनै प्रकारको हास्यव्यङ्ग्य दिन सक्तैन र दिएन पनि । यसलाई हास्यव्यङ्ग्यको श्रेणीमा राखेको मिलेन । भगवानका दाह्री जुँघाको मतलब नै केही बुझिएन । यो लेख निरर्थक छ । 'वसन्त र बिरही मेरो दृष्टिमा' अपरिपक्व कलमको उपज जस्तो छ । पत्रिका परिचयको प्रस्तुतीकरण राम्रो छ । निबन्धमा 'मैले पढेका देवकोटा, सशक्त शैलीमा छ । अर्को कविता छान्दा प्रियतमालाई मैले रुचाएँ ।

कविता, निबन्ध, कथा, समालोचना, हास्यव्यङ्ग्य आदि विविध विषय दिएर यति सानो पत्रिका सजाउनु भएको रहेछ, राजधानी बाहिर तराईक्षेत्रबाट यस प्रकारको कार्य हुनु गौरवको कुरा हो ।

महाकविका उद्धरणहरूले पत्रिकालाई बढी सुशोभित गराएका छन् ।

भूपनिधि पन्त,
बाग्लुङ,

साहित्य समिति बाराद्वारा प्रकाशित "प्रतिनिधि" वर्ष १ अङ्क १ देख्ता साहित्यिक अभिरुचि भएको मलाई ज्यादै खुशी लाग्यो र रु २।- तिरी चट्ट किनेर पढें ।

साहित्य समिति बारा परिवारलाई हृदयदेखि धन्यवाद व्यक्त गर्दछु ।

हरिनारायण मिश्र,
सुगौली पर्सा

## कवि – परिचय

**'निर्मोही' व्यास** – युवा कवि श्री 'निर्मोही' व्यास एक मानववादी कवि हुनुहुन्छ समाजका फोस्रा रुढि-परम्पराप्रति उहाँको विद्रोह छ, सरिता यसै विद्रोहको उपज हो ।

**ऋषिराम न्यौपाने** – युवाकवि श्री न्यौपाने दलित वर्गप्रति सहानुभुति राख्ने एक सचेत कवि हुनुहुन्छ । आजको अवस्थाप्रति उहाँको विद्रोह छ, प्रियतम यसैको उदाहरण हो ।

सम्पादक